बाल सन्दर्भ सामग्री – १

# राम र पुतली



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# राम र पुतली



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

सामग्री सङ्कलन
इन्दिरा चालिसे, रत्नमान शाक्य, जयप्रसाद लम्साल
योगराज भट्टराई, लक्ष्मीभक्त बासुकला

चित्राङ्कन कर्ता
अविन श्रेष्ठ

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | राम र पुतली | ५ |
| २. | मुनियाँले डाँका पक्डाई | १० |
| ३. | पाँच स्याउ | १५ |
| ४. | कहिल्यै नसिद्धिने कथा | २२ |
| ५. | अम्बाको बिरुवा | २७ |
| ६. | चिप्ले माछो र सेते बकुल्लो | ३४ |

# राम र पुतली



एकादेशमा एउटा मानिस बस्थे। उनको नाम राम थियो। राम पुतलीहरू बनाएर बेच्थे। उनी त्यसबाट आएको पैसाले आफ्नो घरमा चाहिने कुरा किन्थे।




एक दिन सबै बुढो हुनुपर्छ। राम पनि बुढा भए। उनले आँखा देख्न पनि छाडे। तैपनि उनले पुतली बनाउन चाहिँ छाडेनन्। तर अब उनका पुतली नराम्रा हुन थाले। उनले आँखा नदेखी अन्दाजले पुतली बनाउँदा बाङ्गाटिङ्गा हुन थाले।



यसरी पुतलीहरू नराम्रा भएकाले कसैले पनि किनेनन् । कसैले नकिने पनि उनले पुतली बनाउन छाडेनन् । उनको कोठा पुतलीको थुप्रोले भरियो । उनले खान पाएनन् । उनी दिनदिनै दुब्लाउँदै गए ।

एक दिन रामले भगवान्लाई सम्झे, “हे भगवान्  म दृष्टिविहीनलाई दुःख नदेऊ ।” यो कुरा भगवान्को कानमा पऱ्यो । भगवान्ले मनमनै सोचे, “अब म यस मान्छेलाई सहयोग गर्छु ।”




एक दिन राती भगवान् मुसाको रूप लिएर रामले पुतली राखेको कोठामा जानुभयो । ती सबै पुतलीलाई भगवान्ले छोइदिनुभयो । भगवान्ले छुनासाथ सबै पुतली एकदम राम्रा र नयाँ आकारका भए ।

भोलिपल्ट रामले आफ्ना पुतली देखे । उनी ज्यादै खुसी भए । उनले आफ्ना पुतली बाहिर बेच्न लगे । सबै पुतली



रामा र आकर्षक भएकाले धमाधम बिक्न थाले। सबै पुतली केटाकेटीहरूले धेरै नै मन पराए। एकै छिनमा उनका सबै पुतली बिके। पैसाको थुप्रो लाग्यो। त्यस दिनदेखि राम आनन्दसँग बसे। उनले भगवान्लाई मुरी मुरी धन्यवाद दिए।

# मुनियाँले डाँका पक्डाई



हाम्रो देश नेपालको कुनै ठाउँमा धनीराम चौधरीको घर थियो। धनीरामकी मुनियाँ नाम गरेकी छोरी थिई। मुनियाँ सात वर्षकी थिई। ऊ कसैसँग डराउँदिनथी।



एक दिन मध्यरातमा धनीरामका घरमा तिन जना डाँका पसे । डाँकाहरू हेर्दै डरलाग्दा थिए । तिनै जना डाँकाका हातमा धारिला छुरा थिए । डाँकाले मुनियाँका आमाबाबु र दाजुलाई घरको खम्बामा बाँधे । त्यसपछि धन सम्पत्ति कहाँ छ भनेर सोध्न थाले । सबै धन सम्पत्ति नदेखाए धनीरामका परिवार सबैलाई छुरा रोप्ने धम्की दिए । धनीरामले भएजति धन सम्पत्ति देखाइदिन्छु भने ।



सानी देखेर होला डाँकाहरूले मुनियाँलाई बाँधेनन्। केही सोधेनन् पनि । केही बेरसम्म मुनियाँले डाँकालाई टुलुटुलु हेरिरही । त्यसपछि ऊ दाजुको कोठातिर हिँडी। डाँकाहरूले उसलाई कहाँ हिँड्छेस् भनेर रोके । उसले दाजुको कोठामा सुत्छु भनेर जबाफ दिई । डाँकाहरूले मुनियाँलाई जान दिए । ऊ दाजुको कोठामा गई, तर ऊ सुतिन । ऊ बिस्तारै कोठाको झ्याल खोलेर बाहिर निस्की ।




मुनियाँ दगुर्दै सडकमा पुगी र कराउन लागी, "गुहार, गुहार ! हाम्रो घरमा डाँका पसे । म धनीरामकी छोरी कराएकी । गुहार, गुहार !" मुनियाँ कराएको छिमेकीले सुने । छिमेकीहरू पनि गुहार, गुहार भन्दै कराउन लागे । एकै छिनमा गाउँमा होहाल्ला मच्चियो ।



गाउँलेहरू लाठो बोकेर धनीरामको घरतिर दौडिए । कसै कसैले टर्चलाइट पनि बोकेका थिए । हल्ला सुनेर डाँकाहरू खाली हात धनीरामको घरबाट भाग्न निस्के। एक जना डाँका खाल्डोमा परेर पछारियो । दुई जना डाँकाका टाउकामा गाउँलेले लाठी बजारे । तिनै जना डाँका भाग्न सकेनन् । उनीहरूलाई गाउँलेले समाते । त्यस गाउँमा धेरैचोटि डाँका गर्ने तिनै तिन जना डाँका रहेछन् । हिजोआज त्यहाँ डाँका लागेको छैन ।

# पाँच स्याउ



एकादेशमा दुई जना बुढाबुढी बस्थे। उनीहरूका सन्तान थिएनन्। उनीहरूलाई एक पेट खान पनि मुस्किल थियो। सन्तान नभए पनि उनीहरू आफ्नो भाग्यलाई नै दोष दिन्थे। बुढाबुढी मिलेर बसेका थिए।



एक दिन बुढा सहर गएका थिए। बुढाले सहरको रमझम खुब मज्जाले हेरे। बेलुका घर फर्कँदा उनले बाटामा स्याउ किने। स्याउ पाँच ओटा रहेछन्। बुढाले सहरको रमझम बुढीलाई बताए।



स्याउ खाने बेला भयो । बुढीले भनिन्, "तिन ओटा स्याउ म खान्छु, तिमी दुई ओटा खाऊ ।" यसै बेला बुढाले भने, "होइन, म तिन ओटा खान्छु, तिमी दुई ओटा खाऊ ।" यसरी स्याउ खाने बेलामा दुई जनाको झगडा पऱ्यो । झगडा टुङ्गिएन ।


अन्त्यमा दुई जनाले एउटा सल्लाह गरे । जो पहिला बोल्छ, उसले दुई ओटा स्याउ खाने र जो पछि बोल्छ, उसले तिन ओटा स्याउ खाने ।



तिन ओटा स्याउ खाने लोभमा बुढाबुढी बोल्दै नबोली सुते । तिन चार दिनसम्म पनि बुढाबुढी उठेनन् । छरछिमेकी तिन चार दिन भइसक्यो, बुढाबुढी कहाँ गए भनी हेर्न गए । ढोका भित्रबाट लगाइएको थियो । बुढाबुढी त भित्रै छन्, बिरामी पो परे कि भनी ढोका फोरेर भित्र गए । बुढाबुढी सुतेका थिए ।




छिमेकीले बोलाए, बुढाबुढी बोल्दै बोलेनन् । उनीहरूले उठाए, उनीहरू उठ्दै उठेनन् । आखिरमा छिमेकीहरूले बुढाबुढी त मरेछन् भन्ने ठाने । पाँच जना छिमेकीहरूले बाँस काटी ल्याएर बुढाबुढीलाई बाँधेर मसान घाटमा लगे । यति गर्दा पनि लोभी बुढाबुढी बोलेनन् ।




छिमेकीले बुढाबुढीलाई चितामा राखेर आगो लगाए । आगो बल्न थाल्यो । आगाले उनीहरूलाई पोल्न थाल्यो । अब मर्ने भइयो भन्ने ठानी बुढी कराइन्, “भैगो त्यसो भए म दुई ओटा खान्छु, तिमी तिन ओटा खाऊ ।”

यसरी पोल्न चितामा हालेका लासहरू कराएको सुनेर उनीहरूलाई अचम्म लाग्यो । मलामीहरू पनि पाँच जना थिए । उनीहरूले दुई जना र तिन जना खान्छु भनेको ठाने । यो सुनेर आफूहरूलाई नै खाने भए भन्ने ठानी पाँच जना मलामीहरू त्यहाँबाट भागे ।



अन्त्यमा बुढाबुढी चिताबाट उठेर दुई ओटा र तिन ओटा स्याउ खाने सल्लाह गरी घर फर्के। त्यस दिनदेखि बुढाबुढीले कहिल्यै झगडा गरेनन्। जे भएको मिली बाँडेर खाने गरे।

# कहिल्यै नसिद्धिने कथा




एउटा राजा थिए । उनलाई कथा सुन्न ठुलो सोख थियो । कुनै पनि बेला, खाँदा, पिउँदा, उठ्दा, बस्दा, रातदिन कथा सुन्थे । उनका नोकर चाकर, दरबारिया सबैले नयाँ नयाँ कथाहरू सुनाउनुपर्थ्यो । त्यसैले सधैँ नोकर चाकरहरू नयाँ नयाँ कथाको खोजीमा दौडिरहन्थे ।



एक दिन उनले सहरमा यस्तो झ्याली पिटाइदिए, जसले मलाई शिर भएको र पुच्छर नभएको कथा सुनाउँछ, उसलाई मेरी छोरीका साथै आधा राज्य पनि दिने छु, तर कथा त्यस्तो ठहरेन भने ठुलो सजायँ दिने छु। उसको ज्यान पनि जान सक्ने छ।



लामा लामा र शिर भएको तर पुच्छर नभएको कथा सुनाउन धेरै मानिसहरू आए । कसैले दुई दिन लामो कथा भने, कसैले चार दिन । कसैले त अठार दिनसम्म लामा कथाहरू सुनाए । कसैले त दुई चार महिनासम्म पनि कथा सुनाए । आखिरमा ती सबैले सुनाएका कथा राजाले भनेअनुसार नभएकाले ठुलो दण्ड सजायँ पाए ।



एक दिन एउटा केटाले राजालाई कथा सुनाउन बिन्ती बिसायो। धेरै मान्छेले त्यस केटालाई कथा भन्न नजाने सल्लाह दिए । किनभने उसले पनि सजायँ पाउन सक्थ्यो। बहादुर र निडर केटाले कथा सुनाउने अठोट गऱ्यो । सबै सर्तहरू मानेर राजालाई कथा सुनाउन सुरु गऱ्यो ।

"ठुला ठुला रुखहरू भएको एउटा बगैँचा थियो। त्यहाँ हजारौँ चराहरू बस्थे । एउटा रुखबाट एउटा चरो भुर्र उड्यो, त्यसपछि अर्को उड्यो, त्यसपछि तेस्रो उड्यो, त्यसपछि चौथो उड्यो...।"



यसरी उसको कथाका हजारौँ चरा उडेर नसकिने देखी राजाले हार माने ।

उसलाई यस्तो राम्रो कथा सुनाएकाले ठुलो इनामका साथ दरबारमा राखे ।

# अम्बाको बिरुवा



रामु विद्यालयबाट घर फर्कँदै थियो । उसले बाटामा एउटा अम्बाको बिरुवा देख्यो। रामुले त्यो बिरुवा उखेल्यो र घर ल्यायो। उसले त्यो बिरुवा बारीको डिलमा रोप्यो। बिरुवाको वरिपरि गोबरको धुलो बनाएर राखिदियो । बिरुवामा एक अम्खोरा पानी पनि हाल्यो ।



रामुको बारीमा फलफुलका बोट बिरुवा थिएनन् । उसले माया गर्ने त्यही अम्बाको बिरुवा मात्र थियो । रामु दिनदिनै अम्बाको बिरुवामा पानी हाल्थ्यो । कहिलेकाहीँ मल पनि हाल्थ्यो । पन्ध्र दिनपछि आमाले भन्नुभयो, "रामुको बिरुवा सरेछ ।" खुसी भएर रामुले ताली बजायो ।



बिरुवा रोपेको दुई महिना मात्र भएको थियो, रामुले आमालाई सोध्यो, “आमा, हाम्रो अम्बा कहिले फल्छ ?” आमाले जवाफ दिनुभयो, “तिमी छ वर्षका छौ । तिमी बार वर्षको हुँदा अम्बा फल्छ ।” रामुले आमालाई भन्यो, “मलाई बार वर्षको बनाइदिनुहोस् न ।” आमाले भन्नुभयो, “हतार नगर । तिमी आफैँ बार वर्षका हुने छौ ।”



रामुको पेटारे खसी थियो । पेटारेले भेट्यो भने अम्बाको बिरुवा खान्छ भन्ने रामुले सम्झ्यो । रामुले आठ दस ओटा ढुङ्गाले बिरुवा घेर्‍यो । त्यतिले मात्र उसको चित्त बुझेन। उसले थोत्रो डोको र ढुङ्गाले समेत अम्बाको बिरुवा छोपिदियो ।



एक वर्षपछि अम्बाको बिरुवा रामुको घुँडा छुने भयो। अब बिरुवालाई डोकाले छोप्न नहुने भयो। रामुले डोको निकालेर बिरुवाको वरिपरि बाँसको छडी गाड्यो । छडीवरिपरि काँडा पनि लगायो । दुई वर्षपछि बिरुवा रामुको कम्मर छुने भयो। तिन वर्षपछि त बिरुवा रामुभन्दा अग्लो भयो। बिरुवाले रामुलाई उछिन्यो। रामु बिरुवासँगै उभिन्थ्यो र दङ्ग पर्थ्यो ।




रामु एघारै वर्षको हुँदा अम्बा फुलेछ । अम्बा फुलेको देखेर रामु नाच्यो । ऊ उफ्रँदै घर गयो र अम्बा फुल्यो भनेर सबैलाई सुनायो । केही दिनमै अम्बाका चिचिला लागे । त्यस वर्षको दसैँमा रामुले रङ लगाएर अम्बाको रुखै रङ्गीचङ्गी बनायो । विजया दशमीको दिन अम्बाको रुखलाई टीका लगाइदियो । धेरै वर्ष फल्नु भनेर आशीष पनि दियो ।




अम्बा पाके । रामुले सबै साथी र छिमेकीलाई बोलाएर अम्बा टिपेर बाँड्यो । रामुका साथीहरू पनि फलफुलका बिरुवा रोप्छौँ भन्न थाले । रामुले अम्बाबाहेक पोहोर साल अरू पनि फलफुलका बिरुवा रोपेको थियो ।


# चिप्ले माछो र सेते बकुल्लो




एउटा पोखरी थियो । त्यस पोखरीमा माछाहरू बस्थे । माछाका भुराहरू पनि थिए । माछाको एउटा भुरा धेरै चलाख थियो । त्यसको नाम चिप्ले थियो । त्यो पोखरीको चारैतिर डुल्थ्यो ।



एउटा सेते बकुल्लो दिनदिनै पोखरीमा आउँथ्यो । त्यो एक खुट्टा टेकेर माछा ढुकिरहन्थ्यो । अनि छेउमा आएका माछा टप्प टिपेर उड्थ्यो ।




एक दिन चिप्ले डुल्दाडुल्दै बकुल्लाको छेउमा पुगेछ। चिप्लेलाई बकुल्लाको ख्यालै भएन । सेते बकुल्लाले चिप्लेलाई टप्प टिप्यो र उडायो । सेते बकुल्लो आकाशमा उड्दै थियो । चिप्लेले भाग्न बल गऱ्यो । त्यो सेतेको चुच्चाबाट चिप्लियो, तर चिप्ले बिचरो पानीमा खसेन । त्यो धुलैधुलो भएको जमिनमा खस्यो । चिप्ले धुलामा लट्पटियो ।



चिप्लेलाई सास फेर्न गारो भएको थियो । सेते चिप्लेलाई खोज्न आकाशबाट जमिनतिर आउँदै थियो । चिप्लेको आयु अब धेरै थिएन । सेतेले भेटे पनि मर्ने, सेतेले नभेटे पनि सास फेर्न नसकेर मर्ने !

चिप्लेले यस्तो घिटीघिटीको अवस्थामा पनि एउटा उपाय सोच्यो । सेते जमिननेर झरिसकेको थियो । चिप्ले करायो, "बकुल्ला दाइ ! म यहाँ छु ।"




सेते बकुल्लो चिप्ले भएको ठाउँमा आयो । चिप्लेले भन्यो, "हेर्नुहोस् न म त धुलैधुलो भएँ । अब मलाई कसरी खानुहुन्छ । धुलैसँग खानुभयो भने तपाईँलाई सन्चो हुँदैन । मलाई पानीमा पखालेर खानुहोस् ।"

सेते बकुल्लालाई चिप्लेको कुरा ठिकै जस्तो लाग्यो । सेतेले



भन्यो, "कहाँ पखाल्ने ? यता पानी छैन ।" चिप्लेले भन्यो, "मलाई भेटेकै पोखरीमा पखाल्नुहोस् न । कति टाढा छ र !" सेते बकुल्लो चिप्लेलाई च्यापेर पोखरीतिर उड्यो ।

पोखरीमा पुगेर सेतेले आफ्नो चुच्चो पानीमा चोबल्यो । चिप्ले सेतेकै चुच्चोमा थियो । चिप्लेले भन्यो, "टाउको र



पुच्छर त सफा भयो, तर ढाडमा माटो बाँकी छ ।" सेतेले चिप्लेको पुच्छरतिर चुच्चो सार्न थाल्यो । चिप्लेले फेरि बल गऱ्यो । त्यो सेतेको चुच्चाबाट फुत्कियो र पानीमा बेपत्ता भयो ।

चिप्लेले बकुल्लालाई छक्कायो र आफ्नो प्राण बचायो ।